जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०६० | २०८२ साल असोज २८ गते मंगलबार | Tuesday-14-October-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## बारामा हैजा विरूद्धको खोप अभियान सुरू, ३ लाख ६५ हजार भन्दा बढीलाई खोप खुवाइने

*बारा, २७ असोज*

बारामा सोमबारदेखि हैजाविरुद्धको खोप अभियान औपचारिक रूपमा सुरु भएको छ । जिल्लाका जोखिमयुक्त क्षेत्रमा हैजाको फैलावट रोकथाम गर्ने उद्देश्यले सञ्चालन गरिएको यो अभियान असोज २७ गतेदेखि कात्तिक २ गतेसम्म चल्ने जनस्वास्थ्य कार्यालय बाराले जनाएको छ ।




अभियान अन्तर्गत कलैया उपमहानगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिका, फेटा, विश्रामपुर, प्रसौनी र परवानीपुर गाउँपालिकाका ७५ वटा वडामा खोप वितरण सुरु गरिएको हो । जनस्वास्थ्य कार्यालय बाराका प्रमुख रामनरेश राय यादवका अनुसार अभियानमा एक वर्ष उमेर पूरा गरेका र सो भन्दा माथिका ३ लाख ६५ हजार ९ सय ३१ जनालाई हैजाविरुद्धको खोप दिने लक्ष्य राखिएको छ ।

प्रमुख यादवका अनुसार खोप अभियानका लागि आवश्यक सम्पूर्ण तयारी पूरा गरिएको र स्थानीय तहहरूसँग समन्वयमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेवक र स्थानीय स्वयंसेवी संस्थाहरूलाई परिचालन गरिएको छ ।

बारामा पछिल्ला वर्षहरूमा खानेपानी र सरसफाइको अवस्थाका कारण हैजाको जोखिम बढ्दै गएको छ । यसपटकको अभियानले जोखिम न्यूनीकरण र जनस्वास्थ्य संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

## मेयर बालेन शाह र सुदन गुरूङ विरुद्ध युवा संघ रौतहटद्धारा प्रहरीमा उजुरी

*बारा, २७ असोज*

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र हामी नेपाल संस्थाका प्रमुख सुदन गुरुङ विरुद्ध जिल्ला प्रहरी कार्यालय गौरमा यूवा संसद रौतहटले उजुरी दिएको छ। युवा संघका केन्द्रीय सदस्य बजरंगी गुप्ता र जिल्ला इन्चार्ज सन्तोषकुमार साहको नेतृत्वमा युवाहरूले सोमबार उक्त उजुरी दिएका हुन् । उजुरीमा गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा मेयर शाह र गुरुङले भीडलाई उक्साएर रौतहट लगायत देशका विभिन्न स्थानमा सरकारी तथा निजी सम्पत्तिमा तोडफोड, आगजनी र लुटपाट गरेको आरोप लगाइएको छ । मुलुकी फौजदारी संहिता २०७४ को दफा २८५९२० बमोजिम अपराध गरेको दाबी गर्दै उनीहरूलाई कानुनी कारबाहीको माग गरिएको छ ।



यसअघि युवा संघका कार्यकर्ताहरूले गौरमा मोटरसाइकल र्‍याली निकालेर विरोध प्रदर्शन गरेका थिए । बजरंगी गुप्ताले मेयर शाह र गुरुङले "अदृश्य शक्तिको आडमा" देशभर हिंसा र अराजकता फैलाएको आरोप लगाउँदै तत्काल कानुनी कारबाही गर्नुपर्ने माग गरेका छन् ।

जेनजी आन्दोलनका क्रममा रौतहटमा दर्जनौं सरकारी कार्यालय र निजी घरहरूमा आगजनी, तोडफोड र लुटपाट भएको थियो । जिल्ला प्रहरी कार्यालयले उजुरी प्राप्त भएको जनाउँदै आवश्यक प्रक्रिया अघि बढाउने बताएको छ ।

## बाढीको पानीमा डुबेर तीन बालिकाको दुःखद निधन उद्धारका क्रममा गौरका ४ जनालाई सकुशल निकालियो

*शु आ. सम्बाददाता*
*रौतहट, २७ असोज*

जिल्लाक सदरमुकाम गौरमा बाढीको जमेको पानीले सोमबार दिउँसोको समयमा तीन बालिकाको ज्यान गएको छ। गौर भन्सार कार्यालयभन्दा पूर्वपट्टि, वडा नम्बर १ मा रहेको सीमा क्षेत्र नजिक जमेको बाढीको पानीमा नुहाउने क्रममा उनीहरूको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले पुष्टि गरेको छ ।

ज्यान गुमाउनेमा राजदेवी नगरपालिका वडा न. ८ लक्ष्मीपुर बस्ने १३ वर्षीया आस्था कुमारी १५ वर्षीया रागनी यादव र अर्की बालिका मौसमी बैठा रहेकी छीन् ।

स्थानीय बासिन्दाका अनुसार, सोमबार दिउँसो करिब १२ बजेतिर यी बालिका अन्य केही साथीहरूसँगै खोल्सामा जमेको बाढीको पानीमा नुहाउन गएका थिए । नुहाउने क्रममा गहिरो पानीको सतह र हिलोका कारण उनीहरू डुबेर बेपत्ता भए । केही समयपछि उनीहरू हराएको देखेपछि स्थानीय बासिन्दा र प्रहरीको टोलीले तत्काल उद्धार कार्य सुरु गरेको थियो ।

गौरका ४ जनालाई सकुशल उद्धार गरिएको हो ।

उनीहरूलाई पनि सोही क्षेत्रमा खतरामा परेको अवस्थामा स्थानीय र सुरक्षाकर्मीको टोलीले सकुशल बाहिर निकालेको हो । उद्धारपछि मृत्युको पुष्टि बेपत्ता भएका तीनै बालिकाको लामो खोजीपछि पानीबाट निकालिएको थियो । तत्कालै अस्पताल पुर्‍याइए पनि चिकित्सकले उनीहरूलाई मृत घोषणा गरेका थिए । एकै पटक तीन बालिकाको बाढीको पानीमा डुबेर ज्यान गएपछि राजदेवी नगरपालिका र गौर क्षेत्रनै शोकमा डुबेको छ ।



यस दुःखद घटनाले बाढीको पानी जमेका स्थानहरूमा बालबालिकालाई नुहाउन वा खेल्न पठाउँदा विशेष सावधानी अपनाउनुपर्ने आवश्यकतालाई फेरि एकपटक उजागर गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले घटनाबारे थप अनुसन्धान भइरहेको र शवहरूको पोस्टमार्टमको तयारी भइरहेको जनाए ।

## गौरमा वरहवा पुल मुनिको जलकुम्भी हटाउने अभियान सुरू, नदीको बहाव र नगर सरसफाइमा सहयोग पुग्ने लक्ष्य

*शु. आ. सम्बाददाता*
*रौतहट, २७ असोज*

रौतहट जिल्लाको सदरमुकाम गौर नगरपालिकाले वरहवा पुल मुनि थुप्रिएर नदीको प्राकृतिक बहावमा अवरोध गरिरहेको जलकुम्भी हटाउने महत्वपूर्ण कार्यको थालनी गरेको छ। नगरवासी र वातावरणविदहरूले निकै अगाडिदेखि उठाउँदै आएको यस समस्या समाधानका लागि गौर नगरपालिकाले विशेष अभियान नै चलाएको हो ।

नगरपालिकाको सक्रिय सहयोग र व्यवस्थापनमा सुरु गरिएको यस कार्यले नदीको बहावलाई सहज बनाउनुका साथै सम्पूर्ण नगर क्षेत्रको सरसफाइ र वातावरणीय सन्तुलनमा समेत ठूलो सहयोग पुर्‍याउने अपेक्षा गरिएको हो । जलकुम्भीको अत्यधिक वृद्धिले पुल मुनिको पानीको निकास रोकिँदा डुबानको जोखिम बढ्नुका साथै दुर्गन्ध फैलिएर जनस्वास्थ्यमा समेत असर परिरहेको थियो । जलकुम्भी संकलन र सुरक्षित विस्थापन



नगरपालिकाले जलकुम्भी हटाउनका लागि जेसिबी र ट्र्याक्टर सहितका आधुनिक उपकरणहरूको प्रयोग गरिरहेको हो । पुल मुनि जम्मा भएको जलकुम्भीलाई सर्वप्रथम संकलन गरी जेसिबीको सहायताले ट्र्याक्टरमा लोड गरिएको हो । लोड गरिएका ती जलकुम्भीलाई त्यसपछि लक्ष्मीपुर जाने सडक खण्डमा पुर्‍याएर सुरक्षित रूपमा विस्थापित गरिँदैछ। यस प्रकारको व्यवस्थित विस्थापनले जलकुम्भीलाई फेरि नदीमा फर्किनबाट रोक्नुका साथै यसको उचित व्यवस्थापन सुनिश्चित गरेको हो ।

नगर प्रमुख साहको धारणाः नदीको प्रवाह सहजता र सरसफाइ मूल उद्देश्य गौर नगरपालिकाका नगर प्रमुख शम्भू साहले यस अभियानलाई नगरको प्राथमिकतामा राखिएको बताएका छन्। उनले भने, "वरहवा पुल मुनि थुप्रिएको जलकुम्भीका कारण वर्षाको समयमा नदीको पानीको निकास अवरुद्ध हुने र नगर क्षेत्रमा डुबानको समस्या बढाउने जोखिम थियो। यस अभियानको मुख्य उद्देश्य नदीको प्राकृतिक प्रवाह सहज बनाउनु र नगर क्षेत्रमा स्वच्छ वातावरण कायम गर्नु हो । "

नगर प्रमुख साहले यस प्रकारको सरसफाइ अभियानलाई निरन्तरता दिने र नगरवासीको सहयोगमा गौरलाई स्वच्छ र सुन्दर बनाउने प्रतिबद्धता पनि व्यक्त गरे। जलकुम्भी हटाउने कार्यले नदीको पर्यावरणीय स्वास्थ्यमा सुधार ल्याउनुका साथै यसबाट फैलिने रोग र दुर्गन्ध नियन्त्रणमा पनि मद्दत पुग्ने विश्वास नगरपालिकाले लिएको हो । स्थानीय बासिन्दाहरूले लामो समयपछि नगरपालिकाले यो महत्वपूर्ण कदम चालेको भन्दै खुसी व्यक्त गरेका छन्। उनीहरूले यस कार्यले नदी किनारको सौन्दर्य र स्वच्छता कायम गर्न मद्दत पुग्नेमा आशावादी छन् ।

## मधेस प्रदेश सरकारमा हलचल, शिक्षामन्त्री तिवारीले दिइन् राजीनामा

*जनकपुर, २७ असोज*

मधेस प्रदेश सरकारकी शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीले आफ्नो पदबाट राजीनामा दिएकी छन् । मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश सभामा विश्वासको मत लिने तयारी गरिरहेका बेला लोसपाबाट प्रतिनिधित्व गर्ने मन्त्री तिवारीको राजीनामाले सरकारमाथि राजनीतिक दबाब बढाएको छ। मन्त्री तिवारीले सोमबार मुख्यमन्त्री सिंहलाई राजीनामा पत्र बुझाउँदै आजकै मितिदेखि लागू हुनेगरी पदत्याग गरेको जानकारी गराएकी छन् । मन्त्री तिवारी नेपाली कांग्रेस, नेकपा एमाले, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी लोसपा सम्मिलित संयुक्त सरकारमा सहभागी थिइन् ।

मुख्यमन्त्री सिंहले आगामी बुधबार प्रदेश सभामा विश्वासको मत लिने तयारी गरिरहेका छन्। महत्त्वपूर्ण समयमा लोसपाकी मन्त्रीको राजीनामा आउनुलाई मधेस प्रदेशको राजनीतिक वृत्तमा सत्ता समीकरणभित्र खटपट र विश्वासको मत पाउन चुनौती थपिएको संकेतका रूपमा हेरिएको छ ।

## वीरगंजमा जुवातास खेलिरहेको अवस्थामा तीन जना पक्राउ

*वीरगंज, २७ असोज*

पर्सा प्रहरीले जुवातास खेलिरहेको अवस्थामा तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा वीरगंज महानगरपालिका १६ का २० वर्षीय रोहित रौनियार, ३० वर्षीय श्यामबाबु राय र वडा नं. १५ का २५ वर्षीय अनन्त कुमार गुप्ता रहेका छन् ।

प्रहरीले विशेष सूचनाको आधारमा वीरगंज स्थित एक होटलबाट नगद रु पचास हजार सात सय पचपन र तीन बुक तासससहित उनिहरुलाई पक्राउ गरेको पर्सा प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जनाएका छन् ।

पक्राउ परेका तीनैजना विरुद्ध जुवा सम्बन्धि कसुरमा जिल्ला प्रशासन कार्यालयबाट पाँच दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय...........

# प्रकोप जोखिम न्यूनीकरण गरौँ

नेपाल भौगोलिक, भौगर्भिक र जलवायुगत दृष्टिले अत्यन्त संवेदनशील मुलुक हो । मुलुकको भू–वैज्ञानिक र भौगोलिक जटिलताका कारण बाढीपहिरो, भूकम्प, आगलागी, कीटजन्य महामारी, शीतलहर, चट्याङलगायतका विभिन्न प्राकृतिक र मानवीय प्रकोप बारम्बार पुनरावृत्ति भइरहन्छन् । यी प्रकोपहरूले जनधनको मात्र क्षति गर्दैनन्, विकासका उपलब्धिहरू समेत नष्ट पारिदिन्छन् । त्यसैले, प्रकोपपछि मात्र राहत र उद्धारमा केन्ि्रत हुनुअघि नै जोखिम न्यूनीकरणतर्फ ध्यान दिनुपर्छ । नेपालले विगत केही वर्षयता प्रकोप जोखिम न्यूनीकरणलाई राष्ट्रिय प्राथमिकतामा राख्दै आएको छ । नेपालले प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय नीति, २०७६ लागू गरेको छ । यस्तै, आपत् व्यवस्थापन ऐन, २०७६ र सम्बन्धित नीतिहरूले जोखिम व्यवस्थापनलाई सशक्त बनाउने प्रयास गरेका छन् । तर, व्यवहारमा अझै पनि राहतमुखी प्रणालीको प्रभाव देखिन्छ । जब कुनै विपद् आउँछ तबमात्रै सचेतना, उद्धार र सहयोगको लहर देखिन्छ । विपद्अघिको तयारी, जोखिमको पहिचान र पूर्वपूर्वाधार निर्माणमा पर्याप्त लगानी नहुँदा क्षतिको दायरा बर्सेनि बढ्दै गएको छ ।

प्रकोप जोखिम न्यूनीकरण दिवस २०२५ को मूलमन्त्र 'विपद्पश्चात् खर्च होइन, विपद्पूर्वको तयारी गरौँ' भन्ने रहेको छ । यसका लागि विद्यालयदेखि समुदायसम्म हरेक तहमा जोखिम नक्साङ्कन, सचेतना अभियान, सुरक्षित निर्माण अभ्यास र वातावरणमैत्री योजनाको जरुरी देखिन्छ । पहिरोप्रभावित बासिन्दाहरूलाई सुरक्षित क्षेत्रमा पुनर्स्थापित गराउने, बाढीग्रस्त क्षेत्रका नदीकिनारमा तटबन्ध निर्माण गर्ने र विद्यालय तथा स्वास्थ्यकेन्ऽहरूलाई भूकम्पप्रतिरोधी बनाउन सकिएमात्रै प्रकोपको जोखिम न्यूनीकरण गर्न सकिन्छ । पछिल्लो समय जलवायु परिवर्तनका प्रभावले प्रकोपको स्वरूप झनै जटिल बन्दै गएको छ । बेमौसममा असामान्य वर्षा, तापक्रममा अस्वाभाविक वृद्धि र मौसमका बदलिँदो रूपले नयाँ प्रकारका जोखिम निम्त्याइरहेका छन् । यस अवस्थामा वैज्ञानिक पूर्वानुमान प्रणाली, प्रारम्भिक सतर्कता र स्थानीय तयारीलाई सशक्त बनाइनुपर्छ । सूचना प्रविधिको प्रयोग गरेर जनतालाई समयमै सतर्क गराउने व्यवस्था प्रभावकारी बनाउन सकिए धेरै हदसम्म जनधनको क्षति हुनबाट रोक्न सकिन्छ । प्रकोप न्यूनीकरणका लागि सरकारका योजना मात्र पर्याप्त हुँदैनन् । यसका लागि समुदाय, निजी क्षेत्र, गैरसरकारी संस्था र आमनागरिक सबैको अर्थपूर्ण सहभागिता हुनुपर्छ । हरेक नागरिकले आफ्नो घरपरिवार र वरपरका जोखिमहरू पहिचान गर्ने, सचेत रहने र सुरक्षात्मक उपाय अपनाउन सकेमात्र प्रकोपको कहालीलाग्दो अवस्था कसैले पनि भोग्नु पर्दैन । जोखिम व्यवस्थापनलाई विद्यालयस्तरको पाठ्यक्रममा अनिवार्यरूपमा समावेश गरी बालबालिकालाई सचेतना प्रदान गर्न सकिए त्यसबाट दीर्घकालीन समाधान गर्न सकिन्छ । विपद् आएपछि जतिसुकै उद्धार र राहतका कार्यक्रम लागू गरे पनि त्यसले दीर्घकालीन समाधान गर्न सक्दैन । विपद् आएपछि होइन, विपद्जन्य घटना हुनुअघि नै पूर्वतयारी गर्ने संस्कार बसाल्न पनि उत्तिकै जरुरी हुन्छ । प्रकोपलाई पूर्णरूपमा रोक्न त सम्भव छैन । तथापि, त्यसको जोखिम भने धेरै हदसम्म घटाउन भने सकिन्छ । प्रकोप जोखिम न्यूनीकरण गर्ने विषय नारामा मात्रै सीमित नराखी हाम्रा कार्यनीतिमा पनि रूपान्तरण गरिनुपर्छ । समुदायमा सचेतना कार्यक्रम, तयारी, प्रविधिसँगै योजना कार्यान्वयनबाट समाजलाई सुरक्षित र दिगो राख्न सकिन्छ ।

# एमालेमा नेतृत्व त्यागको सकस र तीन विकल्प



**कोमल भट्टराई**

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाललाई पाँच सदस्यीय पोलिटब्यूरोका मनमोहन अधिकारी सहित तीन सदस्यहरु मिलेर हटाए । त्यसपछि महासचिव भए - मनमोहन अधिकारी । मनमोहन चिनियाँ कम्युनिष्ट पार्टीको महाधिवेशनमा सहभागी हुन र उपचार गर्न चीन गए । उपचारमा लामो समय बस्नुपर्ने भएका कारण उनको कार्यवाहक खोजियो । कार्यवाहक लिन पुष्पलाल बाउँठिएपछि अर्का प्रस्ताव गरिएका डीपी अधिकारीले विनम्रतापूर्वक जिम्मेवारी लिन मानेनन् । त्यसपछि डा. केशरजङ्ग रायमाझीले बाध्य भई कार्यवाहक लिए ।

कार्यवाहक लिएपछि रायमाझीले महासचिवमा रहन अनेक छलप्रपञ्च गर्दै निरन्तर भए । २०१७ सालको कू पछि पनि राष्ट्रियता खतराको भय देखाउँदै राजाको कदमलाई अप्रत्यक्ष स्वीकार गर्दै अंकगणितीय खेलबाट नेपाल कम्युनिस्ट पार्टीलाई उनैले कव्जा गरिरहे ।

यसको विरोधमा तुल्सीलाल र पुष्पलालले तेस्रो महाधिवेशन गरी अर्को नेपाल कम्युनिष्ट पार्टी गठन गरे । यसमा पनि मतभेद भई पुष्पलालले अर्को नेकपा निर्माण गरे । त्यसपछिका ८ वर्षसम्म त्यसका महासचिव रहँदारहँदै उनको निधन भयो ।

तुल्सीलाल र मनमोहनहरु स-साना समूहमा संगठित भई वक्तव्यवाजी गर्दै रहे । 'पञ्चायत जीवित सत्य हो' भन्दै समय-समयमा केही मुद्दाहरुमा पञ्चायती व्यवस्थाको विरोध गर्दै आन्दोलनमा संलग्न रहे । जनमत संग्रहमा बहुदल पक्षको प्रचारमा बलियो उपस्थिति जनाए ।

मोहन विक्रम सिंहले न्युक्लियस गठन गरे । त्यसैको नामबाट पुष्पलाललाई गद्दार करार गर्दै २०३२ सालमा नेकपा चौथो महाधिवेशन गरी महासचिव भए । त्यसपछि भनिएको 'नेकपा चौम' मा विभिन्न कमरेडलाई कहिले पछार्दै र कहिले पछारिँदै सिंह हाल नेकपा मसाल नामक पार्टीका महासचिव छन् । त्यसैबाट पुष्पकमल दाहाल उदाए, प्रचण्ड भए, दश वर्षसम्म जनयुद्ध गरे । समानान्तर सरकार प्रमुखका रुपमा नेपाल राज्यसँग सम्झौता गरे ।

**माले-एमालेको नेतृत्व हस्तान्तरणको झलक**

झापा संघर्षपछि बनेको अखिल नेपाल क्रान्तिकारी कम्युनिष्ट कोअर्डिनेशन कमिटी (कोके)का पहिला सचिव बने चन्द्र प्रकाश (सीपी) मैनाली । तिनले 'व्यक्ति हत्यारा' भनी चिनिएको समूहलाई एक राजनैतिक समूहका रुपमा परिचित र स्थापित गराउन सफल भए । तिनको अगुवाइमा नेकपा माले गठन भयो ।

तिनले आफ्नो संज्ञान र सामर्थ्यले सामुहिक नेतृत्व दिए । पार्टी विवादलाई हल गर्न माथिबाट तलसम्म विचारहरु पुर्‍याई छलफल गर्ने अभ्यास गरे । सीपीकै अगुवाइको सामुहिक नेतृत्वले नै विद्यार्थी आन्दोलन, जनवादी गीति अभियान र शिक्षक आन्दोलनलाई संयोजन र अगुवाइ गरे । ती आन्दोलनहरुले 'गाउँ गाउँबाट उठ बस्ती बस्तीबाट उठ' भन्दै नेकपामालेलाई गाँउगाउँ बस्ती बस्ती पुर्‍याए ।

नेकपा माले देशव्यापी भएपछि चन्द्र प्रकाश मैनाली पार्टीभित्र अल्पमतमा परे । उनले अर्को महासचिव तयार हुन आग्रह गरिरहेका र राजीनामा दिन चाहेका भए पनि गलहत्याइए । जसरी नेकपाका संस्थापक महासचिव पुष्पलाललाई गलहत्याएका थिए, त्यसरी नै नेकपा मालेका संस्थापक महासचिव हटाइए । यी दुवै षडयन्त्र हुन्, जसलाई नेपाल कम्युनिष्ट आन्दोलनले धिक्कारिरहनेछ र भर्त्सना गरिरहनेछ ।

सीपीको बर्खास्तीपछि संक्रमणकालीन महासचिव बनाइए- झलनाथ खनाल । पार्टीमा कुनै पकड नभएका उनी अनेकन अपमान सहेर महासचिव रहे । उनले मदन भण्डारीलाई स्वेच्छाले नेकपा मालेको चौथो महाधिवेशनबाट महासचिव पद हस्तान्तरण गरे । मदन भण्डारी एक 'करिस्माटिक' नेताका रुपमा उदाए ।

उनले पार्टीभित्रका असहमतिलाई लोकतान्त्रिक व्यवहार तथा अभ्यास गरी व्यवस्थापन गरे । उनले दरबारिया 'एलाइट'सँग सम्वादको ढोकामा पुर्‍याउन सक्ने मनमोहन अधिकारीलाई वैधानिक अध्यक्ष स्वीकार गरे । मदनले जनआन्दोलनको विरासत लिन ०४६/०४७ जनआन्दोलनको वाममोर्चाकी संयोजक सहाना प्रधानलाई महत्वका साथ स्थान दिए ।

सहाना प्रधानले नेकपा एमालेभित्र काठमाडौं उपत्यकाका प्रमुख जातीय तथा सांस्कृतिक पहिचानलाई भित्र्याइन् । उनले भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) लगायत अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनसँग एमालेलाई परिचय गराइन् । उनीसँगै नेकपा एमालेले शहीद गंगालाल र संस्थापक महाचिव पुस्पलालको विरासत पायो । मदनले मालेका संस्थापक महासचिव चन्द्रप्रकाश मैनालीलाई एकतर्फी सम्मान दिइरहे ।

मदन भण्डारीले नेपाली कम्युनिस्ट आन्दोलनलाई बहुलताको विचार दिए तर अभ्यास र व्यवहारको जग बसाल्न नपाई दुर्घटनाबाट बिते । उनका मानसपुत्रहरुले उनलाई देवत्वकरण गर्दै जनताको बहुदलीय जनवादको पोथा गाइरहे । उनको मृत्युपश्चात् माधव नेपाल महासचिव भए ।

उनले एमालेमा विचारलाई चटपटाउन नदिने गरी विधि र विधानभित्र कसे । उनले विरोधीका विचारलाई पार्टी विरोधी करार गरिरहे । उनले फरक मतलाई ठाउँका ठाउँ ठहरै पारे । अकारण राधाकृष्ण मैनालीलाई साधारण सदस्यसमेत नरहने गरी निस्कासित गरे । तर, २०६४ को आमनिर्वाचनमा एमालेको हारपछि नैतिकताको कारण देखाई राजीनामा गरे।

माधवपछि झलनाथ खनाल कार्यवाहक महासचिव हुँदै बुटवलको आठौं महाधिवेशनबाट अध्यक्ष बने । उनले मालेकालको झैं आफ्नो कार्यकालभर अनेकन हुर्मत बेहोरे । उनी संसदीय दलको नेता हुँदाहुँदै चोरबाटोबाट छिरेर माधव नेपाल प्रधानमन्त्री भए ।

झलनाथ आफू अध्यक्ष र संसदीय दलका नेता हुँदाहुँदै संसदभित्र दुई तिहाइ देखाउन एमालेको शर्त पूरा गरेर मात्र प्रधानमन्त्री बने। खनालको सरकार पतन गराउन एमालेको माधव-ओली गुटले पूरै जीउज्यान लगायो । करीव ७ महिनामा उनको सरकार ढल्यो ।

यस्तो अवस्थामा उनले अध्यक्ष दोहोर्‍याउन नसकिने देखेर अलग रहन चाहे । नवौं महाधिवेशनमा माधव र ओलीले एक-आपस प्रतिस्पर्धा गर्दा नेकपा एमालेका अध्यक्ष केपी ओली निर्वाचित भए ।

केपी ओलीले कम्युनिस्ट आन्दोलन एक हुनपर्ने आवाजलाई माओवादीसँग एकता गरेर मूर्त बनाउन नेतृत्व लिए । अध्यक्षद्वय ओली र प्रचण्ड नेतृत्वले सदनमा पार्टीको करीव दुई तिहाइ संसद उपस्थित गराए । तर, त्यो एकता शक्तिका प्यासाहरुको एकताजस्तो बन्यो ।

त्यसले कायम रहिरहन सकेन । शक्तिसंघर्ष चल्यो । त्यसलाई सल्ट्याउन अनेक सुलह र सम्झौता गराइए । वैध-अवैध अंशभाग लगाइए । तैपनि तिनीहरुको प्यास मेटिएन । ती पार्टी हत्याउन पार्टीभित्र मात्र होइन, सडक र सदनमा समेत शक्ति संघर्षमा ओर्लिए । त्यसैबेला न्यायाधीशको एकल इजलासले 'तिमेरको एकता अवैध छ' भन्दै 'पुन: प्रक्रिया थाल' भनेपछि एमाले र माओवादी आ-आफ्ना खोली फर्के । यहीबेला एकताकाका एमालेका अध्यक्ष र शक्तिशाली महासचिव माधव र झलनाथले नेकपा एकीकृत समाजवादी समूह बनाए ।

अहिले एमाले, माओवादी र एकीकृत समाजवादीका नेतृत्व सबै जनताको कठघरामा छन् । तर, तिनले आफ्ना स्थानबाट डेग नचल्ने गरी कम्युनिस्ट आन्दोलनलाई विद्रूप बनाइरहेका छन्। कम्युनिस्ट आन्दोलनका प्रस्तावनाका प्रथम नेताहरु कार्ल मार्क्स र एङ्गेल्सले आफ्ना शिष्यहरुले यस्तो गर्लान् भनेर कल्पना पनि गरेका थिएनन्।

नेपालका कम्युनिस्ट मार्क्सका विरोधी मार्क्स र उनका शुरुवाती अभ्यासकर्ताहरुले पार्टीभित्रको विवादलाई कस्तो व्यवहार गर्थे भन्नेबारे मार्क्सवादी दस्तावेज प्रशस्त छन्। तर तीबाट हाल हामी कम्युनिस्टहरुप्रति उठेको प्रश्नको उत्तरलाई वैध र स्वीकार गर्ने अवस्था रहेन। यसर्थ मैले यहाँ कम्युनिस्ट पार्टीका प्रखर विरोधी र पार्टीभित्र "नयाँ वर्ग" उदाएको देख्ने मिलोवास जिलासको एक लामो उद्धरण पेश गर्छु ।

उनको उद्धरण कम्युनिस्ट आन्दोलनका हितैषी आलोचक र विरोधीलाई समेत वैध र ग्राह्य हुन सक्छ । मिलोवान जिलासले कम्युनिस्ट सत्ताको संरचनात्मक विकृति र पार्टी भ्रष्टाचार विरुद्ध खुला आलोचना गर्दै नयाँ वर्ग पुस्तक लेखे । त्यसमा उनले भनेका छन्

"मार्क्सदेखि खुस्चेभसम्मका नेताहरू तथा उनीहरूले (वैचारिक बहसमा स्तम्भकारको जोड) अपनाएका विधिहरू विविध प्रकारका र परिवर्तनशील थिए । अरुलाई आफ्ना विचार व्यक्त गर्नबाट रोक्नुपर्छ भन्ने मार्क्सलाई कहिल्यै लागेन । लेनिन आफ्नो पार्टीभित्र हुने स्वतन्त्र छलफलहरूप्रति सहिष्णु रहे र पार्टी नेताको त कुरै छाडौं पार्टी मञ्चले पनि "सही" अथवा "गलत" विचारको अभिव्यक्तिलाई नियमन गर्नुपर्छ भन्ने ठानेनन् ।

स्टालिनले सबै प्रकारका अन्तरपार्टी छलफलहरूको उन्मूलन गरे र विचार अभिव्यक्तिको अधिकारलाई मात्र केन्द्रीय फोरम अर्थात् आफ्नै अधिकार बनाए । अन्य कम्युनिष्ट आन्दोलनहरू भिन्न थिए । उदाहरणका लागि अन्तर्राष्ट्रिय श्रमिक युनियन (फर्स्ट इन्टरनेशनल) विचारधारात्मक रूपले मार्क्सवादी थिएन बरु त्यो त विभिन्नखाले समूहहरूको युनियन थियो र उसले आफ्ना सदस्यहरूको सर्वसम्मत निर्णयहरू मात्र ग्रहण गर्थ्यो ।

लेनिनको पार्टी एक प्रकारको प्रजातन्त्रसहितको आन्तरिक क्रान्तिकारी नैतिकता र वैचारिक पूर्णरूपले एक समान संरचनाको मेल भएको अग्रगामी समूह थियो । स्टालिनको समयमा पार्टी विचारधारात्मक चाखरहित मानिसहरूको झुण्डमा परिणत भयो । यस्ता मानिसहरू विचार माथिकाबाट तलकाले प्राप्त गर्दथे तर आफूलाई अपार सुविधा प्रदान गर्ने व्यवस्थाको रक्षा गर्न कृत संकल्पित र एक ढिक्का हुन्थे । वास्तवमा मार्क्सले कहिल्यै पार्टी बनाएनन् ; लेनिनले आफ्नो पार्टी बाहेक समाजवादीसहित अन्य सबै पार्टी ध्वस्त पारे । स्टालिनले बोल्सेभिक पाटीको मियोलाई नयाँ वर्गको मियो बनाउँदै र पार्टीलाई कसैसँग सरोकार नराख्ने - (अनुत्तरदायी) र सुविधाप्राप्त तर रङ्गहिन समूहहरूमा रूपान्तरण गर्दै पार्टीलाई दोस्रो दर्जामा झारे ।

आफूले आविस्कार नगरेता पनि मार्क्सले समाजमा वर्गहरुको भूमिका र वर्ग युद्धको प्रणाली निर्माण गरे । उनले मानव जाति विवेकशील वर्गहरुका सदस्यहरु मिलेर बनेको देख्दा टेरेन्सको तपश्वी (स्टोइक दर्शन) झैं 'म मानव जाति हुँ ।

म मानवभन्दा बाहिरका कुरालाई कुनै महत्व दिन्न' लाई पुन:उद्घोष गरेका मात्र हुन् । लेनिनले मानिसलाई विवेकशीलका रुपमा नहेरी विचार आदान-प्रदान गर्ने वस्तुका रुपमा हेरे । स्टालिनले त मानिसलाई कि त आज्ञाकारी प्रजा वा शत्रुका रुपमा मात्र हेरे ।

मार्क्स एक गरीब आप्रवासीका रुपमा लण्डनमा मरे, तर विद्धानहरुले र आन्दोलनले उनलाई महत्वका साथ ग्रहण गरे । लेनिन एउटा विशाल क्रान्तिको नेताका रुपमा तर आफ्नो सम्प्रदाय बन्दै गरेको अधिनायक बन्ने क्रममा मरे । जब स्तालिन मरे, उनले आफूलाई देवतामा रुपान्तरण गरिसकेका थिए ।" (द न्यू क्लास - मिलोवान जिलास १९६०)

यति उद्धरणले विश्वका कम्युनिस्ट आन्दोलनका पार्टीहरुभित्रका वैचारिक विवादलाई हल गर्ने तरिका सुझाउँछ । र, यसले नेपालको कम्युनिस्ट पार्टीहरुभित्र भए गरिएका अभ्यासको चित्र हेर्न ऐना उपलव्ध गराउँछ। यति लेखेपछि म अब जेन्जी पुस्ताले नेतृत्व हस्तान्तरण मागबारे नेपाली कम्युनिष्ट आन्दोलनले गरेको अनुक्रियामा चर्चा गर्नेछु।

**नेपाली कम्युनिस्ट नेतृत्व लिप्सा र बहिर्गमन**

केशरजंग रायमाझी कम्युनिस्ट आन्दोलनको गद्दारको पदवी भिरेर मरे । मोहनविक्रमका 'गद्दार पुष्पलाल' सानो समूहको नेताका रुपमा बिते । तर पुष्पलालको मृत्युपश्चात् उनका उत्तराधिकारीका सतत् र निष्ठापूर्वक प्रयाश र संघर्षले नेपाली राजनीति र कम्युनिस्टका महान नेताका रुपमा स्थापित भए र रहे ।

झापाको वर्गशत्रु हत्यापछि त्यसका कर्ताहरु सयौं भागे र सयौं गिरफ्तार भए। यसपछि चन्द्रप्रकाश मैनालीले केही युवाहरु भेला गरेर त्यसको विरासतलाई जोगाए। उनलाई प्राधिकार नेतृत्व बनाउने प्रयाश हुँदाहुँदै उनी सहकर्मीहरुबाट गलहत्याइए । प्रचण्ड र ओलीलाई देवत्वकरण गर्ने प्रयाश जारी छ। यसैबेला जेन्जी झड्कासँगै नेपाली राजनीतिले तिनीहरुको बहिर्गमनको माग गरिरहेको छ।

नेपाली राजनीतिको विस्तृत मैदानका सक्रियकर्मीहरुले मुख्यतया शेरबहादुर देउवा, केपी ओली र प्रचण्डको हस्तक्षेपबाट मुक्त हुन चाहेको छ। जमिनमा काम गर्ने राजनीतिक कार्यकर्ताहरु, समूहमा मत निर्माण गर्ने सामाजिक सञ्जालेहरु, यूट्युवेहरु र टोलटोलमा चिया पसलमा गफ गर्नेहरुले समेत उनीहरुको शिघ्रातिशीघ्र बहिर्गमन चाहेका देखिन्छन्।

तिनीहरुका पक्षमा सञ्चार माध्यम छैनन् । हिजो साथ दिँदै आएका नागरिक समाजहरु छैनन् । सुरक्षाकर्मीहरु तिनीहरुलाई पक्रन कुरेर बसेका छन् । वास्तवमा चेसमा चारैतिर घेरिएको राजा झैं भएका छन् ।

यस मामलामा देउवा र प्रचण्डले सकारात्मक संकेत दिएका छन्। तर,

बाँकी तेश्रो पृष्ठमा

॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# जेन-जी आन्दोलनबारे न्यूयोर्क टाइम्स : ‘राष्ट्रव्यापी, सुनियोजित, विध्वंशकारी’ आक्रमण

काठमाडौं- प्रतिष्ठित न्यूयोर्क टाइम्स अखबारले भदौ २४ का दिन देशभर भएका आगजनी सुनियोजित रहेको जनाएको छ । आइतबार एक खोजमूलक सामग्री प्रकाशित गर्दै टाइम्सले देशभर भएका आगजनी सुनियोजित रहेको उल्लेख गरेको हो । अघिल्लो दिन १९ जनाको ज्यान जानेगरी सुरक्षाकर्मीले भ्रष्टाचारविरोधी प्रदर्शनमा सुरक्षाकर्मीले गोली चलाएको विरोधमा भोलिपल्ट आगजनी भएको आम बुझाइ छ । यद्यपि आफ्नो अनुसन्धानमा यस बुझाइमा आशङ्का गर्ने ठाउँ रहेको टाइम्सले उल्लेख गरेको छ । अखबारले दर्जनौं प्रत्यक्षदर्शी, सहभागी र आगलगीविदसँगको कुराकानी, घटनाका भिडियो र तस्बिरको विश्लेषण तथा घटनास्थलमा टाइम्सका प्रतिनिधिको भ्रमणपछि उक्त सामग्री प्रकाशित गरेको हो । समाचारमा यस्तो ‘राष्ट्रव्यापी सुनियोजित विध्वंशकारी आक्रमण’ बारे नयाँ विवरणको खुलासा हुने र ती घटना स्वस्फूर्त भएकोमा आशङ्का उत्पन्न हुने उल्लेख गरिएको छ ।

भदौ २३ गते प्रदर्शनमा गोली चलेको केही घण्टालगत्तै ‘प्रयोग गर्न तयार सूची’ अनलाइनमा सार्वजनिक हुन थालेको थियो । ती सूचीमा भ्रष्टाचार र नातावादको सञ्जालमा आबद्ध रहेको ठानिएका समाजका सदस्यको निजी विवरण समावेश थिए ।

भोलिपल्टको दिउँसो ती मानिसको आवासमा आगो लाग्न थालिसकेको थियो । नेपालको कार्यकारी, व्यवस्थापिका र न्यायपालिका शाखालाई पनि आगोले निलिसकेको थियो । न्यूयोर्क टाइम्सले यसलाई केही घण्टाको अवधिमा सयौं हवाइ आक्रमणसँग तुलना गरेको छ ।

‘संगठनात्मक क्षमताबिना तपाईंले छोटो समयमा यति धेरै भवनमा आगो लगाउन सक्नुहुन्न ।’ एण्ड्रयू मूर एण्ड एशोसिएट्सका वरिष्ठ आगजनी अनुसन्धानकर्ता रिचर्ड ह्यागरले भनेका छन्, ‘यसका लागि हप्तौं वा महिनाको योजना चाहिन्छ ।’

नेपाल प्रहरीको फोरेन्सिक प्रयोगशालाका प्रमुख पवन ढुङ्गाना अघिल्लो महिना भएको आगजनीको अनुसन्धान गर्न उनका टिमका कसैलाई पनि डाकिएको छैन । उनको प्रयोगशालामा परीक्षणका लागि हालसम्म कुनै पनि नमूना ल्याइएको छैन । उनका आगोका भग्नावशेष अब अप्रासङ्गीक भइसकेका छन् ।

# भारतको कूटनीतिक आक्रमणः मौरिससदेखि युरोपसम्म मोदीको वैश्विक उपस्थितिः ‘विश्वसाथी भारत’ को नयाँ स्वरुप

पछिल्ला दुई हप्तामा प्रधानमन्त्री नरेन्द्र मोदीको कूटनीतिक सक्रियता अत्यधिक उच्च गतिमा देखिएको छ । मौरिसस, कतार र युरोपका नेताहरूसँग भएका श्रृंखलाबद्ध उच्चस्तरीय वार्ताले भारतको विश्वसामुन्ने भूमिका अझ स्पष्ट बनाएको छ । विशेषज्ञहरूका अनुसार यो रणनीतिक पहल “विश्वसाथी भारत” (**Global Partner India**) नीति अन्तर्गतको नयाँ चरण हो ।

***मौरिससमा विकास साझेदारी***

भारत र मौरिससबीच हालै सम्पन्न सम्झौतामा भारतले ६८० मिलियन अमेरिकी डलर बराबरको विकास सहायता प्याकेज घोषणा गरेको छ । यसमा बन्दरगाह, हरित ऊर्जा, शिक्षा र डिजिटल प्रशासन प्रणालीमा लगानीका परियोजना समावेश छन् । प्रधानमन्त्री मोदीले मौरिससका प्रधानमन्त्री नवीन रामगुलामसँगको संयुक्त पत्रकार सम्मेलनमा भने, “हाम्रो सम्बन्ध केवल साझेदारी होइन, साझा परिवारको सम्बन्ध हो । हामी सागर, संस्कृति र मूल्यहरूले जोडिएका हौं ।” मौरिससले भारतको नेतृत्वमा “साउथ-साउथ सहकार्य” लाई नयाँ दिशा दिने विश्वास व्यक्त गरेको छ । भारतीय अधिकारीहरूको भनाइमा, यो सहयोग हिन्द-प्रशान्त क्षेत्रमा चीनको आर्थिक प्रभावलाई सन्तुलन गर्न महत्त्वपूर्ण रणनीतिक कदम हो ।

***कतारसँग ऊर्जा र श्रम समझदारी***

कतारका अमिरसँग प्रधानमन्त्री मोदीको टेलिफोन वार्तामा ऊर्जा आपूर्ति र श्रम सम्बन्धी विषयमा दीर्घकालीन सहकार्यका समझदारीहरू तय भएका छन् । वार्तामा कतारले भारतीय कामदारहरूको अधिकार र सुरक्षाका विषयमा सहयोग पुऱ्याउने प्रतिबद्धता जनाएको छ । भारतको विदेश मन्त्रालयले यस वार्तालाई “ऊर्जा-कूटनीतिक सहकार्यको नयाँ आयाम” भनेको छ ।

***युरोपसँग सामरिक र व्यापारिक संवाद***

भारतले युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लायन र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टासँग संयुक्त टेलिफोन संवाद गर्दै ‘इन्डिया-युरोप पार्टनरशिप २०३०’ को रूपरेखा तय गरेको छ । यस अन्तर्गत हरित प्रविधि, स्वच्छ ऊर्जा र डिजिटल अर्थतन्त्रमा सहकार्य विस्तार हुने बताइएको छ ।

विदेश नीति विश्लेषक डा. आलोक शर्मा भन्छन्, “भारत अहिले क्षेत्रीय शक्ति मात्र होइन, विश्व व्यापार र जलवायु कूटनीतिमा नेतृत्वदायी राष्ट्र बन्न खोज्दैछ । सागर-कूटनीति र ऊर्जा-कूटनीति मिलाएर भारतले ‘ग्लोबल ब्रिज’को भूमिका खेल्ने प्रयास गरिरहेको छ ।”

यसैबीच, वायन अफ एशिया शीर्षकमा प्रकाशित रिपोर्टले भारतको बढ्दो अन्तर्राष्ट्रिय विश्वसनीयता चीनको ‘बेल्ट एन्ड रोड’ रणनीतिको विकल्पका रूपमा स्थापित भइरहेको उल्लेख गरेको छ । मौरिससदेखि युरोपसम्म फैलिएको यो सक्रियता, भारतको “विकसित भारत २०४७” दृष्टिकोणसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ ।

अन्तर्राष्ट्रिय समीक्षकहरूका अनुसार, यो कूटनीतिक लहर केवल द्विपक्षीय सम्बन्धहरूमा सीमित छैन, बरु भारतको “विश्वसाथी राष्ट्र” बन्ने लक्ष्यतर्फको स्थायी यात्राको संकेत हो।


## जनहितमा जारी सूचना

वस्तु उत्पादक कम्पनीहरूले आफ्नो उत्पादनमाः

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ।
- त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं।

फेटा गाउँपालिका
फेटा, बारा, मधेस प्रदेश, नेपाल

## जनहितमा जारी सूचना

मानव बेचबिखनजन्य कार्यहरू :

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन्।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

देवताल गाउँपालिका
देवताल, बारा, मधेस प्रदेश, नेपाल

## जनहितमा जारी सन्देश

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

आदर्श कोतवाल गाउँपालिका परिवार
मधेश प्रदेश, बारा


# एमालेमा.....

नेकपा एमालेको नेतृत्व ठसठसी कनेर नेपाली राजनीति र कम्युनिस्ट आन्दोलनलाई दुर्गन्धित गरिरहेको छ । देउवाले आफैंले हुर्काएको सुसंस्कृत व्यक्ति तर न्यायोचित भन्न सकिने पूर्णबहादुर खड्कालाई हस्तान्तरण गर्न चाहेका छन् । तर उनी र आरजूको सुरक्षा शेखर कोइरालाबाट हुन सक्नेमा उनले ध्यान दिनुपर्ने अवस्था देखिन्छ । ढिलो चाँडो देउवाले विधिसम्मत नेतृत्व हस्तान्तरण गर्लान् र ज्योतिषीलाई बेवकुफ बनाउन प्रधानमन्त्री नहुने विकल्प प्रस्तुत गर्नेछन्।

प्रचण्ड गतिशील छन् । रङ, भेष र चरित्र बदलेर समयको भेलसँगै अनुकुलित हुन सक्छन्। उनले समेत नेतृत्व त्याग गर्ने स्पष्ट संकेत दिएका छन् र उनका असली उत्तराधिकारीलाई बोल्नसमेत लगाएका छन्।

समस्या एमालेमा छ । एमाले नेतृत्व खुम्चँदै खुम्चँदै गएको छ । तैपनि पूरै नेपाली राजनीतिको मागलाई हुङ्कार गरिरहेको छ । यो केन्द्रीय पदाधिकारीभित्र पूराका पूरा अल्पमतमा परेको छ । अध्यक्ष ओलीलाई बाहेक गरेर ऐतिहासिक जिम्मेवारी बहन गर्न तयार हुनु पर्ने हो, त्यो देखिएको छैन।

एमालेभित्र नेतृत्वको हस्तान्तरणका लागि केही प्रस्ताव

नेतृत्वको हस्तान्तरण भनेको जादूगरले खोकिलाबाट निकालेको परेवा देखाउने काम होइन । यो एक प्रक्रिया हो । तर एमालेभित्र नेतृत्वको हस्तान्तरण प्रक्रियालाई तहसनहस गर्ने काम ०३९ सालदेखि नै भयो । त्यसबेला ०३५/०३६ सालको विद्यार्थी आन्दोलनका नेताहरुलाई संहार गरियो । त्यसमा टङ्क कार्कीको नाम सुनिए पनि हामी जस्ता सयौं अरुलाई गुमनाम बनाइयो । ०४६/०४७ का जनआन्दोलनका युवाहरु घनश्याम भूसालहरु लगायतलाई लिइएको हुर्मत सबैलाई थाहा नै छ । ०६२/०६३ का जनआन्दोलनका विद्यार्थी नेताहरु राजेन्द्र राई, ठाकुर गैरे, राम कुमारी झाँक्रीहरु लगायत केही अरुहरु आफ्नै बलबुँता सक्रियताका साथ र अलिअलि झुक्दै नेपाली राजनीतिमा सास गन्दैछन्। यहाँनेर रवीन्द्र अधिकारीलाई स्मरण गर्न चाहन्छु।

तथापि एमालेभित्र यसको प्रारम्भिक संरचनाकालको ‘कोके’ देखिका राजनीतिक रुपमा प्रौढ र त्यसपछिका प्राविधिकरुपमा उदाएका र काखमा हुर्काइएका नेताहरु छन् । जसले एमालेमा वैकल्पिक नेतृत्व छैन भन्ने कुरा गलत हो । यसैले यहाँभित्र सम्भावित नेतृत्वको पहिचान गरिनु पर्छ। यस संगीन घडीमा मुख्य नेतृत्वमा हुनुपर्ने केही आग्रहहरु त हुन्छन् नै । त्यसैले मुख्य नेतृत्व यस्तो हओस् भन्नेमा मेरा कुराहरु राख्न चाहन्छु । जुन सामान्तया अरु पार्टीका लागि पनि सान्दर्भिक हुन सक्दछ, जसले-

१. पार्टीले चिन्तन धाराको व्याख्या गरोस् र निरन्तरता देओस् साथै पार्टीको ऐतिहासिक व्यक्ति पनि होओस् ।

२.आमरुपमा पार्टी पङ्क्तिले स्वीकारोस् र विश्वास लिन सकोस् ।

३. नेपालको राष्ट्रिय राजनीति लगायत सञ्चार माध्यम र हरेक तहका नागरिक समाज र व्यक्तिहरुले परिचय पाएका हुन् र त्यो पार्टीको नेता त्यही बमोजिमको भयो भनेर स्वीकारेको होओस् ।

४. अन्तर्राष्ट्रिय जगतमा सापेक्षितरुपमा परिचित र छिमेकी मित्रहरुबीच ग्राह्य होस्

५. कुनै सामरिक पक्षमा संलग्न भएको आरोपित नहोस् ।

यी बाहेक अन्य कुराहरु पनि छन्, तथापि म एमालेभित्र नेतृत्वका लागि उदार र चौडा गुणहरु नै हाललाई यथेस्ट हुन्छ भन्ने आग्रह गर्दछु, जसका आधारमा म पात्रविशेषलाई अघि सार्न चाहन्छु।

पहिलो प्रस्ताव - एमालेमा यसको मूलधार ‘कोके’का तीन संस्थापक छन् । ती ऐतिहासिक व्यक्तिहरु हुन्- अमृत कुमार बोहोरा, ईश्वर पोखरेल र मुकुन्द नेउपाने । यिनीहरुमध्ये एकमा एमालेको वर्तमान संकटलाई मोचन गर्ने पुनः अभिभारा आएको छ । यसमा वरिष्ठ उपाध्यक्ष भएको नाताले र विधानतः ईश्वर पोखरेलले हिम्मत गर्नुपर्छ । यसमा एमाले पार्टीका असली कार्यकर्ताले उहाँलाई साथ दिनु पर्छ।

दोस्रो प्रस्ताव- नेपाली राजनीतिले माग गरेको निर्वाह गर्न नसकेपछि पदाधिकारी र केन्द्रीय कमिटिले पार्टीका स्वायत्त निकायहरुको सहयोग लिन प्रस्ताव गर्नु पर्छ । साथै पार्टीका ४ केन्द्रीय निकायहरुले पहल लिनु पर्छ। (एमालेभित्र केन्द्रीय सल्लाहकार परिषद, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोग स्वायत्त र महाधिवेशनबाट प्रत्यक्ष निकायहरु छन्) । अमृत कुमार बोहोरा माले संस्कारका एक प्रणेता हुनुहुन्छ।

उहाँजस्ताको सादगी, विनम्रता र जमिनी चरित्र नै पहिलेको माले र हाल बचेखुचेको माले संस्कार हो । उहाँले नै कोके कालमा सबै नेतृत्व पक्राउ परेका बखत कुशल नेतृत्व दिनुभएको थियो । हाल एमालेको वर्तमान संकटका लागि जिम्मेवारी लिन र दिन आग्रह गर्नु पर्छ। उहाँले अर्को नेतृत्व हस्तान्तरण गर्ने प्रक्रियाभर केन्द्रीय निकायहरुको सहयोगमा संयोजनकारी नेतृत्व गर्नु बेस हुने देखिन्छ । तेस्रो प्रस्ताव- उदारवादी लोकतन्त्रको कथित आदर्शमा लट्ठिएका तर त्यसलाई लत्याएको नदेख्नेहरुको पूर्वाग्रही अनुगामीहरुलाई सुपाच्य नहुने प्रस्ताव गर्दछु । भूपू राष्ट्रपति विद्या भण्डारी नै एमालेको नेतृत्वका लागि उपयुक्त छिन्। त्यसकारण सम्मान दिन खोसिएको सदस्यता फिर्ता गरियोस् । जोमाथि उल्लेखित ५ कुराहरुको कसीमा घोटिन सक्छिन्। यो पनि अनुरोध गर्दछु कि ‘हे! राष्ट्रपतिलाई मर्यादित स्थानहरुमा बसाउन चाहनेहरु हो! कृपा गरेर उनीमाथि नबिस्ट्याओ। राम्ररी कम्युनिस्ट पार्टीको सदस्यताको उच्चतालाई सम्मान गर! इतिहासमा कम्युनिस्ट पार्टीको महिमाको मनन गर!

अन्तमा,

नेपाली काँग्रेस बौरिसकेको छ । उसले सम्मानपूर्वक देउवाको बहिर्गमनको मार्ग खुला गरिसकेको छ । त्यसले संस्कारयुक्त ऐतिहासिक पार्टी भएको परिचय दिनेछ र निखार्नेछ। उसले करीव-करीव आम निर्वाचन या ढोक्सामा थापेको संसद पुनर्स्थापना दुवैका लागि आफूलाई तयार गरिसकेको छ।

यसले देउवाको स्वेच्छिक बहिर्गमन र सम्मानपूर्वक विदाइको प्रबन्ध गर्ला । एमालेले पनि संस्कारयुक्त र माले संस्कार विकास गरेको पार्टीलाई पुन स्थापित गरोस् । माले एमाले रहँदाका सीपी, झलनाथ र माधवको पदचिह्न पहिल्यायोस् ।

यसर्थ एमालेका नेताहरु धैर्यपूर्वक समीक्षा गर्नुहोस् । व्यक्तिको माया त लाग्छ नि इतिहासमा सँगै लडेको। तर, मनन गर्नुस् - पार्टी र आन्दोलन बचाउनका लागि व्यक्ति केही होइन । जोसुकैलाई पार्टीको माया लाग्छ- जसको निर्माणमा आफ्ना श्रम र पसीना बगाइएको छ तर आन्दोलनका अघि पार्टी केही होइन।

आन्दोलन भूमि हो, त्यो भूमिमा पार्टी उभ्याइएको हुन्छ। त्यो पार्टीमा तपाईंको नेतृत्व ओत लागेको हुन्छ । जब आन्दोलन नै धूलीसात हुन्छ, त्यसबेला न त पार्टी उभिन सक्छ न त हामी र हाम्रा मन परेका नेताहरु ओत लाग्न सक्छन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# बिरगंज युनाइटेड बिरगंज सेमिफाइनल प्रवेश

*हरिकिशोर शर्मा*
*पर्सा, २७ असोज*

स्व. रामबहादुर श्रेष्ठ स्मृति चौथो ठोरी गोल्डकप खुला नकआउट फुटबल प्रतियोगितामा बिरगंज युनाइटेड बिरगंज सेमिफाइनल प्रवेश गरेको छ। आज भएको सेमिफाइनल खेलमा बिरगंज युनाइटेड बिरगंजले एभरेष्ट फुटबल एकेडमी सर्लाहीलाई १-०; गोल अन्तरले पराजित गर्दै बिरगंज युनाइटेड बिजयी भएको हो। खेलको म्यान अफ दी म्याच बिरगंज युनाइटेडका खेलाडी देव गुरुङ घोषित भए। उनले नगद रु. २,५०० सहित ट्रफी र मेडल प्राप्त गरे।




सोमबार खेल प्रतिभा युवा क्लबका अध्यक्ष गोपी श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रममा जगरनाथपुर गाउँपालिका अध्यक्ष तथा नेपाली कांग्रेस पर्सा क्षेत्र नं. ४ का सभापति श्रीकान्त यादव प्रमुख अतिथि रहनुभएको थियो। आयोजक समितिका अध्यक्ष गोपि श्रेष्ठका अनुसार मँगलबारको तेस्रो क्वाटरफाईनल खेल रेगल एन्फा हेटौंडा ख/क श्री त्रिशूल बकुलिया बीच हुने आयोजक समितिले जानकारी दिनु भएको छ। प्रतिभा युवा क्लब र बिजयवस्ती युवा क्लब, ठोरी-४, को संयुक्त आयोजनामा भइरहेको प्रतियोगिताको विजेताले उपाधिसहित नगद ३ लाख ५० हजार पाउनेछ भने उपविजेताले १ लाख ७५ हजार प्राप्त गर्नेछ। फाइनल खेल कार्तिक ४ गतेका दिन २ बजे हुने आयोजकले बताइएको छ।

# रौतहटमा मेयर बालेन साह र सूदन गुरुङविरुद्ध राष्ट्रिय युवा संघद्वारा जाहेरी

*शु. आ. सम्बाददाता*
*रौतहट, २७ असोज*

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह (बालेन साह) र 'हामी नेपाली संस्था'का अध्यक्ष एवं जेन-जेड आन्दोलनका अगुवा सूदन गुरुङविरुद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा औपचारिक जाहेरी दर्ता गरिएको छ।



सोमबार जिल्ला प्रहरी कार्यालय गौरमा राष्ट्रिय युवा संघ नेपाल रौतहटका इन्चार्ज सन्तोष कुमार साह र केन्द्रीय सदस्य बजरंगी गुप्ता, ओमप्रकाश साह मधेशीया लगायतका नेताहरु संयुक्त रूपमा जाहेरी दर्ता गरेका हुन्।

जाहेरीमा बालेन साह र सूदन गुरुङले हालै सार्वजनिक रुपमा गरेका अभिव्यक्ति, गतिविधि र आह्वानहरूले देशको कानुनी व्यवस्था, राष्ट्रिय एकता तथा सामाजिक सद्भावमा आघात पुर्‍याएको आरोप लगाइएको हो।

जाहेरी अनुसार, "साह र गुरुङले सार्वजनिक स्थानमा सरकारी निकाय, प्रदेश तथा स्थानीय तहका कार्यालयहरूमा तोडफोड, आगजनी, लुटपाट तथा अराजक कार्य गर्न प्रेरित गर्ने खालका अभिव्यक्ति दिएका" दाबी गरिएको छ। उनीहरूका पछिल्ला भिडियो, भाषण र सामाजिक सञ्जालमार्फत भएका अपिलहरू नेपालको कानुन विपरीत रहेको भन्दै संघले कारबाहीको माग गरेको हो। उनीहरूले नेपाल राज्यका अंगहरू प्रति अविश्वास फैलाउँदै, सरकारी तथा न्यायिक संरचनामाथि आक्रमण गर्ने, कार्यालयहरूमा आगजनी र लुटपाट गर्न उक्साउने, र यस्तो गतिविधिबाट जनताको ज्यान-मालमा खतरा उत्पन्न हुने अवस्था सृजना भएको" आरोप लगाइएको हो।

जाहेरीमा मेयर बालेन साह र सूदन गुरुङ दुवैलाई "नेपालको सम्प्रभुता, एकता र सामाजिक सौहार्दविरुद्ध षड्यन्त्र" गरेको अभिलेखका साथ कारबाही गर्न माग गरिएको हो।जिल्ला प्रहरी कार्यालय रौतहटले जाहेरी दर्ता भएको पुष्टि गर्दै अनुसन्धान प्रक्रिया सुरु गर्ने तयारी भइरहेको जनाए।

संघका इन्चार्ज सन्तोष साहले भने, "लोकतान्त्रिक देशमा अभिव्यक्तिको स्वतन्त्रता सबैलाई छ, तर त्यो स्वतन्त्रता प्रयोग गरेर राष्ट्रका संस्था र कानुनमाथि आक्रमण गर्न पाइँदैन। बालेन र सूदनले अराजकता फैलाउने भाषण गरेकाले कानुनी जवाफदेही हुनुपर्छ।"

यसअघि पनि मेयर बालेन शाह र सूदन गुरुङ दुबै जना सामाजिक सञ्जाल र सार्वजनिक कार्यक्रममा विवादास्पद अभिव्यक्तिका कारण चर्चामा आएका थिए।

# परवानिपुर गाउँपालिकामा हैजा रोगको माहामारी विरुद्ध प्रतिकार्य खोप अभियान सँगै अन्तरक्रिया

*बारा, २७ असोज*

परवानिपुर गाउपालिकामा हैजा रोगको माहामारी विरूद्ध प्रतिकार्य खोप अभियान, २०८२ सङ्गै अन्तरक्रिया शुरु भएको छ। सो अवसरमा खोप समन्वय समितिको अभिमुखीकरण/पत्रकार अन्तरक्रिया परवानीपुर गाउँकार्यपालिकाको कार्यालय लिपनीमालमा शुरु भएको हो। गाउपालिका अध्यक्ष रामछेत्री प्रसाद कुर्मिको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत मुन्ना साह रौनियार, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विभिन्न शाखाका प्रमुखहरु, डब्लुएचओका फिल्ड अफिसर राजिव शर्मा,नेपाल पत्रकार महासंघ बाराको उपाध्यक्ष प्रीयन्का दास लगायतकाको उपस्थिति रहेको थियो। यो खोप जीवन बचाउने र रोगको महामारीलाई समुदायबाट हटाउने सबभन्दा प्रभावकारी उपाय भएकाले यो खोप हाम्रै सुरक्षाको लागि हो भन्दै स्वास्थ शाखा प्रमुख जयकृष्ण मिश्राले खोप लिन सबैमा आग्रह गरे। यस अघि स्वास्थ्य छेत्रका बिग्यहरुले हैजा जस्तो घातक रोगबाट बच्न र परिवार तथा समाजलाई सुरक्षित राख्नका लागि सबैले ढुक्क भएर खोप लिनु अति आवश्यक छ, जसले गर्दा समाजमा हैजा नियन्त्रणका लागि सकारात्मक सन्देश प्रवाह भई सामूहिक स्वास्थ्य सुधारमा ठूलो टेवा पुग्नेमा जोड दिएका छन।


## जनहितमा जारी सन्देश

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं।
- सडेगलेका तथा बासी खाना नखाऔं।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

जगरनाथपुर गाउँपालिका
जगरनाथपुर, पर्सा


# छिपहरमाई गा.पा.मा मंगलबार देखि हैजा रोग बिरूद्ध खोप चलने

*राजन कुमार बानिया*
*पर्सा, २७ असोज*

पर्सा र बारा जिल्लामा फैलिएको हैजा रोगको माहामारीको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसख्या मन्त्रालयले हैजा रोगको माहामारी बिरुद्ध प्रतिकार्य खोप अभियान सन्चालन गर्न लिएको रणनिति अनुसार पर्साको छिपहरमाई गाँउपालिकामा २८ गते मंगलबार देखि खोप अभियान सन्चालन गर्न पुर्ब तयारी अनुरुप प्रत्येक सरोकारवालाको अभिमुखिकरण कार्यक्रम वडा र पालिकामा खोप समन्वय समिति, महिला स्वास्थ्य स्वय सेविका तथा स्वय सेवक हरुको अभिमुखिकरण तथा खोप कार्यकर्ताहरु लाई खोप सम्बन्धि जानकारी गराएको छ।




अभिमुखिकरण कार्यक्रम गाउँपालिका स्वास्थ्य शाखा प्रमुख शनि कुमार साह ले भने मंगलबार देखि संचालन भईरहेको हैजा रोग बिरुधको खोप अभियानलाई आ-आफ्ना ठाउँ बाट सफल बनाई दिन सम्पुर्ण सरोकारवाला हरुलाई आग्रह समेत गरेका छन। १ वर्ष माथिका एक जना मानिस नछुटोस भन्दै आफ्ना गाउँ घरमा सलाह सुझाव दिएर हैजा रोग बिरुद्ध खोप अभियानमा सहभागी गराई खोप लिनु पर्नेमा जोड दिनु भएको थियो। नेपाल सरकार जनसंख्या मान्त्रालय ले हैजा रोग बिरुद्ध को खोप कार्यक्रम संचालन गरेको ले सबै जना खोप लिन लाई आग्रह गरेका छन। कार्यक्रममा जनप्रतिनिधि ,बिधालका प्र.अ, स्वास्थ्यकर्मी, लगायतको सहभागिता रहेको थियो।

# वीरगंज यातायात कार्यालयमा व्यापक भ्रष्टाचार : चन्द्र प्रसाद पुरबे लगायत कर्मचारीको मनपरी असुली

*बीरगंज, २७ असोज*

पर्सा जिल्लाको वीरगंज स्थित यातायात व्यवस्था कार्यालयमा कर्मचारी चन्द्र प्रसाद पुरबे, गौरीशंकर माली (भगत), चन्द्रमा सिंह लगायतका केही कर्मचारीहरूले खुलेआम घुस असुली र अनियमितता मच्चाएको तथ्य सार्वजनिक भएको छ। कार्यालयभित्रै बिचौलियामार्फत दैनिक लाखौं रुपैयाँ बराबरको अवैध रकम उठाउँदै आएको भिडियो प्रमाण समेत प्राप्त भएको हो।




सेवाग्राहीहरूले बताएका छन् कि नेपाली सवारीसाधनको पटके काट्न जाँदा तोकिएको राजस्वबाहेक रु. ५० देखि ५०० सम्म असुल्ने गरिएको छ। त्यस्तै, भारतीय सवारीसाधनको यातायात अनुमति पत्र (च्ट्इ) लिन आउने पर्यटकहरूसँग पनि प्रति पटके रु. ५०० देखि २,००० सम्म अतिरिक्त रकम माग्ने गरिएको छ। यसबारेको भिडियो समेत सुरक्षित रहेको छ।

स्रोतका अनुसार चन्द्र प्रसाद पुरबेले आफूले घुस लिएको होइन, सेवाग्राहीहरूले "खुसीले दिएको" दाबी गरेका छन्। तर, दैनिक ४०-५० वटा नेपाली र ३०-४० वटा भारतीय पटके काटिने शाखाबाट मात्र दिनको ३० देखि ५० हजार रुपैयाँसम्म अवैध असुली हुने गरेको तथ्य फेला परेको छ। कार्यालय सहयोगी गौरीशंकर माली र चन्द्रमा सिंहले आफ्ना पाँच जना बिचौलियामार्फत अवैध कारोबार गराउँदै आएका छन्। उनीहरूले कार्यालयमा ताल्चा लगाएर बाहिरी व्यक्तिलाई प्रवेश गर्न नदिने, सवारीधनीको उपस्थितिबिनै कागजातमा सही-छाप लगाउने र मनपरी ढङ्गले पास गर्ने गरेको देखिन्छ। भुक्तभोगीहरूले माली र सिंहमाथि दीर्घकालीन रूपमा घुस असुली, सम्पत्ति आर्जन र बिचौलिया परिचालनको आरोप लगाएका छन्। बिचौलियामध्ये अमर देव सोनल, ध्रुव पटेल, शिवशम्भु यादव, छोटेलाल यादव र सन्तोष कुमार गुप्ता प्रमुख रहेका छन्। ती बिचौलियालाई कार्यालयभित्रै कुर्सी उपलब्ध गराई सेवाग्राहीसँग रकम असुल्न सहयोग पुर्‍याइने गरेको छ।

स्रोतका अनुसार, ब्लुबुक नवीकरणदेखि सवारी दर्ता र नामसारीसम्मका सेवामा तोकिएको शुल्कबाहेक रु. ५०० देखि ३ हजारसम्म अतिरिक्त रकम असुल्ने गरिएको छ। सेवाग्राहीको उपस्थितिबिनै बिचौलियामार्फत श्रेस्ता दर्ता र सही-छाप मिलाउने काम पनि नियमित रूपमा हुने गरेको छ।

मासिक करिब ३० हजार तलब पाउने मालीले हेटौँडामा करोडौँ मूल्य बराबरको तीनतले घर र आधा दर्जनभन्दा बढी जग्गा जोडेको तथ्य सार्वजनिक भएको छ। उनका छोराहरू भारत र काठमाडौंमा अध्ययनरत रहेको र त्यसको खर्च पनि अवैध आम्दानीबाट नै धानिएको आरोप छ। भुक्तभोगीहरूका अनुसार, माली र सिंहले "प्रदेश मन्त्रालयसम्म हाम्रो पहुँच छ, केही हुँदैन" भन्दै धम्की दिने गरेका छन्। ती कर्मचारीहरूले दैनिक ८० हजारदेखि १ लाख रुपैयाँसम्म रकम असुल्ने र त्यसको अंश मोटरसाइकल फाँट प्रमुख प्रेम कार्कीलाई बुझाउने गरिएको बिचौलियाहरूले बताएका छन्।

कार्यालयमा प्रमुख अधिकृत प्रेम कार्की, नायब सुब्बा विप्लव भट्टराई, केविन यादवसहित पाँच जना सरकारी कर्मचारी भए पनि वास्तविक नियन्त्रण माली र सिंहकै हातमा रहेको पाइएको छ। भुक्तभोगीहरूको भनाइमा – "सार्वजनिक सेवामा बसेर खुलेआम भ्रष्टाचार गर्नेहरूलाई कानूनी कारबाही नगरेसम्म यस्तो प्रवृत्ति अन्त्य हुँदैन।" यस विषयमा प्रतिक्रिया जनाउँदै पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले भने,

श्र "यदि उनीहरूले घुस लिएको प्रमाणित भयो भने भोलि नै यातायात कार्यालयका प्रमुखलाई बोलाएर आवश्यक कानूनी कारबाही गरिनेछ। कुनै पनि कर्मचारीले सेवाग्राहीसँग अवैध रकम असुल्ने काम सह्य छैन।" सेवाग्राहीहरूले भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धिकरण विभागमार्फत तत्काल छानबिन गरी माली, सिंह, पुरबे, कार्की लगायत संलग्न सबैलाई पदमुक्त गरी कारबाही गर्न माग गरेका छन्।

त्यससँगै, अख्तियारको मौनतामा भ्रष्ट कर्मचारीहरू संरक्षण पाउँदै आएको भन्दै सेवाग्राहीहरूले तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। सँम्भार: ज्योति दैनिक

# आदर्श कोतवाल गाउँपालिकामा युवाहरूले अनिश्चितकालीन तालाबन्दी

*बारा, २७ असोज*

बत्ती (स्ट्रिट लाइट) जडानको माग गर्दै प्रदीप कुशवाहाको नेतृत्वमा स्थानीय युवाहरुले आदर्श कोतवाल गाउँपालिका कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका छन्।

युवाहरुले अस्थायी असीहरुको सट्टामा स्थायी रूपमा स्ट्रिट लाइट जडान गरी पाउँ भनी गाउँपालिका कार्यालयमा ध्यानाकर्षण गराउन प्रयास गरे पनि गाउँपालिका अध्यक्ष र उपाध्यक्ष दुबै कार्यालयमा उपस्थित नभएको र जनप्रतिनिधिहरूले युवाहरुको मागलाई बेवास्ता गरेको आरोप लगाएका छन्।

गाउँपालिका नेतृत्वको "तानाशाही प्रवृत्ति" भन्दै असन्तुष्टि जनाएका युवाहरुले समस्या समाधानका लागि छलफल नभएसम्म तालाबन्दी जारी रहने बताएका छन्। तालाबन्दीको नेतृत्वमा रहेका युवाहरुमा प्रदीप प्रसाद कुशवाहा, दिवेश कुमार कुशवाहा, अशोक कुमार यादव, राजन यादव, गुड्डु यादव, कमलेश कुमार यादव, प्रमोद यादव आनन्द, सुकेश गुप्ता, कमोद यादव र साहेव गुप्तालगायत रहेका छन्। युवाहरुले आफ्नो माग पूरा नगरेसम्म आन्दोलन निरन्तर रहने चेतावनी दिएका छन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - सुवर्ण गाउँपालिका, बारा